# छथरजोरपाटी गाउँपालिका

## छथरजोरपाटी गाउँकार्यपालिकाको कार्यालय

### जोरपाटी, धनकुटा

## शिलवन्दी दरभाउ पत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशन मितिः २०७६/०४/२८

यस छथरजोरपाटी गाउँपालिका अन्तर्गत तपशिलमा उल्लेखित हाटबजार आाव. २०७६।०७७ मा कर अशुलीको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ठेक्का लिन चाहाने ईच्छुक फर्म, कम्पनी, संघसंस्था वा व्यक्तिहरुले तपशिल बमोजिमको सेवाशर्तको अधिनमा रही यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयबाट दरभाउ पत्र फाराम खरिद गरी १६ (सोह्रौं) दिनको १२;०० बजे भित्र यस कार्यालयमा गोप्य दरभाउ पत्र दर्ता गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | हाटबजारको नाम | न्यूनतम अंक | दरभाउ पत्र फाराम दस्तुर ( फिर्ता नहुने ) |
|---|---|---|---|
| १ | छथरजोरपाटी गा.पा.वडा नं. ६, सिंधुवा बजारमा बुधवार लाग्ने हाट | २०,०००।- (वीस हजार मात्र) | १०००।- |
| २ | छथरजोरपाटी गा.पा. २, जोरपाटी बजारमा आइतबार लाग्ने हाट | | |
| | | | |

नोटः उपर्युक्त सि.नं.हरुमा उल्लेखित बजारहरुको ठेक्का एकिकृत रूपमा लगाईने हुँदा सोको लागि एउटै फाराम खरिद गरी एउटै बैंक धरौटी पेश गर्नु पर्ने छ।

### ठेक्का सम्वन्धी आवश्यक शर्तहरु

१) माथि उल्लेखित ठेक्काबाट कर दस्तुर असुल गर्दा छथरजोरपाटी गाउँपालिकाले तोकेको दरमा मात्र असुल गर्नु पर्ने छ।

२) कर असुली दररेट एवं ठेक्कापट्टाका शर्तहरु दरभाउ पत्र साथ उपलब्ध गराईने छ।

३) ठेक्काको अवधि २०७७ साल असार मसान्तसम्मको लागि मात्र हुने छ।

४) दरभाउ पत्र पेशकर्ताले खामको बाहिरपट्टी ठेक्काको किसिम तथा पेशकर्ताको नाम स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ।

५) सिलबन्दी दरभाउ पत्र साथ व्यक्तिको हकमा नागरिकताको प्रतिलिपी, संस्थाको हकमा दर्ता प्रमाणपत्र, करचुक्ता र नवीकरणको प्रमाणपत्र, संलग्न हुनु पर्ने छ। धरौटी रकम कबोल गरेको अंकको नेपालि नागरिक भएमा ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशत रकम छथरजोरपाटी गाउँपालिकाको नाममा रहेको नेपाल बंगलादेश बैंकको हि.नं.५०००००८४१ धरौटी खातामा जम्मा गरी सोको सक्कल भाउचर पेश गर्नु पर्ने छ र नगदलाई मान्यता दिईने छैन।

६) कबोल गरिएको ठेक्का रकम अंक अक्षरमा स्पस्ट उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

७) शिलबन्दी दरभाउ पत्र दाखिला गर्ने अन्तिम दिनको २.३० बजे दरभाउ पत्र खोलिने छ।शिलबन्दी दरभाउ पत्र दाखिला गर्ने अन्तिम दिन वा दरभाउ पत्र खोलिने दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन दरभाउ पत्र दाखिला र दरभाउ पत्र खोलिने छ।

८) ठेक्का रकम संझौता समयमा एकमुष्ठ बुझाउनु पर्ने छ। किस्ता बुझाउनका लागि बैंक ग्यारेण्टी पेश गर्नु पर्ने छ।

९) दरभाउ पत्र स्वीकृत भएको ७ दिन भित्र सम्झौता गरि सक्नु पर्ने छ। उक्त अवधिमा सम्झौता गर्न नआएमा नियमानुसार कार्यवाही अगाडी बढाईने छ।

१०) प्रचलित कानून अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले व्यहोर्नु पर्ने छ।

०७६।४।२८

११) ठेकेदारले नेपाल सरकार तथा छथरजोरपाटी गाउँपालिकाले समयसमयमा दिएको निर्देशन पालन गर्नुपर्ने छ र यस गा.पा. र ठेकेदार बिच ठेक्काको विषयमा विवाद भएमा गाउँपालिकाले गरेको निर्णय अन्तिम हुनेछ।

१२) छथरजोरपाटी गाउँपालिकालाई बुझाउनुपर्ने रकम बाँकी बक्यौता भएका व्यक्तिहरुको दरभाउ पत्र लाई बाँकि बक्यौता रकम नबुझाएसम्म स्वीकृत गरिने छैन।

१३) ठेकेदारले राखेकको धरौटी रकम ठेक्का अवधि समाप्त भए पछि आन्तरिक राजश्व कार्यालयमा आयकर, मुल्य अभिबृद्धि कर तिरेको प्रमाण र छथरजोरपाटी गाउँपालिकाबाट कर असुलीमा प्रयोग भएको रसिद जाँचबुझ भएपछि मात्र फिर्ता दिईने छ।

१४) ठेक्का कबोल गर्ने ठेकेदारले छथरजोरपाटी गाउँपालिकाले तोकिदिएको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदार आफैंले छपाई रसिदहरु गाउँपालिकाबाट कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नुपर्ने छ। प्रमाणित रसिद बाहेकका रसिदबाट कर उठाएको पाईएमा वा उजुरी परेमा नियमानुसार कारबाही चलाईनेछ।

१५) बन्द हड्ताल जस्ता मानव सृजित कारण तथा प्राकृतिक प्रकोपबाट हुने अवरोधका कारण कर छुट वा मिनाहा दिईने छैन।

१६) एक व्यक्ति वा फर्मको नामबाट खरिद गरेको दरभाउ पत्र अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन।

१७) बिदेशबाट आय कर तिरिसकेको मालसामानमा कर उठाउन पाईने छैन।

१८) यो सूचना बमोजिम दाखिला भएको कुनै वा सबै बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ।

१९) कर असुलीको दररेट एवं लाग्ने दस्तुरको विवरण सहितको होडिङ वोर्ड ठेकेदारले प्रत्येक संकलन केन्द्रमा सबैले देख्ने गरि अनिवार्य रूपमा राख्नु पर्ने छ।

२०) कुनै एक प्रयोजनमा राखेको धरौटी रकम अर्को कुनै ठेक्कमा समायोजन वा सदरस्याहा गरिने छैन।

२१) कुनै शर्त सहितको दरभाउ पत्र स्वीकृत हुने छैन।

२२) यस गाउँपालिकाले तोकेको दर भन्दा बढी रकम असुल गरेमा वा सम्झौतामा उल्लेख भए बाहेकका मालवस्तुमा कर, सेवाशुल्क वा दस्तुर असुल गरेमा वा दोहोरो हुने गरि कर लिइमा त्यस्तो कर बराबरको रकम ठेकेदारले यस कार्यलयमा राखेको धरौटी रकमबाट कट्टा गरी सम्बन्धित पक्षलाई उपलब्ध गराईने छ।

२३) ठेक्का सम्बन्धी सम्पूर्ण कामकारवाही सार्वजनिक खरिद ऐन,२०६३(संशोधन सहित) र सार्वजनिक खरिद नियमावली,२०६४ ( संशोधन सहित) को नियम ८४ बमोजिम हुनेछ।

२४) सूचनामा उल्लेख नभएको बिषयहरूको हकमा प्रचलित कानुन अनुसार हुनेछ।

०७८।८।२८

**केशव प्रसाद अर्याल**

**प्रमुख प्रशासकिय अधिकृत**